सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १८२ ♦ २०८२ साल फागुन २४ आइतवार ♦ 8 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## धनुषा-३ बाट निर्वाचित मनिष झा को जनकपुरको विकास र विश्व पहिचानका लागि विशेष पहल गर्ने प्रतिबद्धता

**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, जनकपुरधाम**



धनुषा। धनुषा निर्वाचन क्षेत्र नम्बर-३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता मनिष झाले जनकपुरधामको विकास, सर सफाइ तथा अन्तर्राष्ट्रिय पहिचानलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

निर्वाचन परिणाम सार्वजनिक भएपछि पहिलोपटक जनकपुर रेल्वे स्टेसनमा आयोजित विशेष धन्यवाद सभालाई सम्बोधन गर्दै उहाँले प्राप्त मत केवल विजयको प्रतीक मात्र नभई ठूलो जिम्मेवारी भएको उल्लेख गर्नुभयो। उहाँले आफू सत्ताको शक्ति र राजधानीको आकर्षणमा अल्झिने भीआईपी नेता बन्न नभई जनताको सुख-दुःखमा साथ दिने वास्तविक प्रतिनिधिका रूपमा काम गर्न आएको बताउनुभयो।

उहाँले जनकपुरको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई विश्वव्यापी रूपमा स्थापित गर्न आफ्नो कार्यकालमा विशेष पहल गर्ने बताउनुभयो। विशेषगरी जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया र कूटनीतिक पहललाई प्राथमिकतामा राख्ने उहाँको भनाइ छ।

जनकपुरधाममा पछिल्लो समय देखिएको सरसफाइको समस्या

बाँकी पृष्ठ ३ मा

## धनुषा-४ मा रास्वपाका महतो विजयी



**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, महेन्द्रनगर**

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत धनुषा क्षेत्र नं ४ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का राजकिशोर महतो विजयी हुनुभएको छ ।

निर्वाचन अधिकृत पुरूषोत्तम खतिवडाका अनुसार रास्वपा उम्मेदवार महतो ४८ हजार २७० मत प्राप्त गरी विजयी हुनुभएको हो ।

उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका महेन्द्र यादवले १५ हजार ८०९ मत प्राप्त गर्नुभयो ।

त्यस्तै, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का रघुवीर महासेठले ११ हजार ५२९ मत प्राप्त गर्नुभयो । यस क्षेत्रमा विभिन्न दल र स्वतन्त्र गरी ३७ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्थ्यो । एक लाख २७ हजार ७७८ मतदाता रहेकामा ८३ हजार ९६७ मत खसेको थियो ।

## हामी जनताको विश्वासमा खरो उत्रिनु पर्छः महोत्तरी-१ निर्वाचित महतो



**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, बर्दिवास**

महोत्तरी क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार प्रमोद कुमार महतो विजयी भएपछि यस क्षेत्रको विकास र परिवर्तनका लागि प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

विजयपछि सञ्चारकर्मीसँग संक्षीप्त कुराकानी गर्दै महतोले जनताको विश्वासअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले यो विजय व्यक्तिगत सफलता नभई जनताको परिवर्तनप्रतिको चाहना र विश्वासको जित भएको बताउनुभयो।

उहाँका अनुसार महोत्तरी-१ का ३० वटै वडाका मतदाताले देखाएको भरोसालाई व्यवहारमा उतार्दै क्षेत्रको विकास र समृद्धिका लागि आफू पूर्ण रूपमा समर्पित रहने बताउनुभयो। "यस क्षेत्रमा एक लाखभन्दा बढी मतदाता हुनुहुन्छ। म सबै जनताको दुःख-सुखमा साथ दिनेछु र जनताको अपेक्षाअनुसार काम गर्ने प्रयास गर्नेछु," उहाँले भन्नुभयो।

निर्वाचन परिणामअनुसार उहाँले ३४ हजार ६३६ मत प्राप्त गर्दै

बाँकी पृष्ठ ३ मा

PROGESSIVE ACADEMY BARDIBAS-1 MAHOTTARI

**Progressive Academy**

Bardibas -1, Mahottari

**Teachers Wanted**

We are looking for committed, competent and qualified professional for the following vaccant posts.

1. Front dest officer - 1. (Good in communication.)
2. Teacehrs for Pre-school - 5.
   a. At least +2 completed.
   b. Good command over English.
   c. Trained in ECD will be pfrefered.
3. Teacehrs for Primary / Lower Secondary
   a. Maths 1/1
   b. English 1/1
   c. Sciecne 1/1
   d. Nepali 1/1
   e. S. Studies 1/1
   f. Computer 1

At least Bachelor in respective area. Masters degree is prefered.

Send your complete CV within 27th of Falgun
progressivebardibas@gmail.com

98540-55122 | 044-590422
www.progressivebardibas.com

खबर दर्पण
राष्ट्रिय दैनिक



# गगन थापाको आलोचना मात्रै किन, दायित्वको कुरा किन नगर्ने ?

जयप्रकाश आनन्द

'जितमा दुश्मन पनि मित्र हुन्छन् र पराजयमा मित्र पनि शत्रु बन्न जान्छन् ।'



राजनीति जस्तो कठोर क्षेत्रमा यो पुरानो भनाइ बारम्बार सत्य प्रमाणित हुँदै आएको छ । नेपालको हालको आम निर्वाचनले पनि यही यथार्थलाई फेरि उजागर गरेको छ । यस परिणामपछि नेपाली कांग्रेसका सभापति गगन थापाको अवस्था ठीक यही उक्ति सम्झाउने खालको देखिन्छ । जहाँ पराजयपछि आलोचना, आरोप र दोषारोपणको आँधी चल्न थाल्छ ।

तर यथार्थलाई इमानदारीपूर्वक हेर्ने हो भने गगन थापाले सबल र सुदृढ पार्टी संगठनको विरासत पाएर नेतृत्व सम्हालेका थिएनन् । बरू उनले पार्टीभित्रको गहिरो असन्तोष र विद्रोहको वातावरण पार गर्दै नेतृत्वमा पुग्नुपरेको थियो । बहुसंख्यक प्रतिनिधिहरूको सहभागितामा आयोजित विशेष अधिवेशनबाट उनी सभापति बनेका थिए । यस अर्थमा उनको उदय सहज उत्तराधिकारी होइन, संघर्षबाट जन्मिएको नेतृत्व थियो ।

तर त्यसलाई पनि सहज हुन दिइएन । निर्वाचनका लागि मनोनयन दर्ताको काम भइरहेको बेला शेरबहादुर देउवाले गगन थापाको सभापतित्वलाई चुनौती दिँदै अदालतमा मुद्दा दायर गरे । निर्वाचन आयोगसमक्ष पनि आपत्ति जनाए । आयोगले प्रारम्भिक रूपमा गगनको पक्षमा अन्तरिम आदेश दिए पनि अदालतमा मुद्दा विचाराधीन नै रह्यो । यसले जन्माएको अनिश्चितताको परिणामतः नयाँ नेतृत्वको वैधानिकतामाथि प्रश्नचिह्न खडा गरियो । यसले एउटा स्पष्ट सन्देश दियो- पार्टीभित्रको पुरानो शक्ति संरचना परिवर्तन स्वीकार गर्न देउवा पक्ष कदापि पनि तयार छैन । यस प्रकरणले गगन थापाले बनाएको आशलाग्दो भाष्य 'हामीले कांग्रेस बदल्यौं, अब मुलुक बदल्छौं'को विश्वसनीयता कायम हुन दिएन ।

नयाँ सभापतिले प्रारम्भदेखि नै असहज वातावरणमा काम गर्नुपर्‍यो । केही समय उनले पार्टीको अनधिकृत कार्यालयबाट काम सञ्चालन गर्नुपर्‍यो । पछि मात्र उनी पार्टीको आधिकारिक कुर्सीमा बस्न पाए । यस्तो अवस्थामा संगठन सुदृढ बनाउने, जनतामाझ विश्वास पुनःस्थापित गर्ने र चुनावी तयारी गर्ने काम सहज हुने कुरा थिएन ।

यद्यपि पार्टी एकताको सन्देश दिन, सभापतिमा चयन भएको छैठौं दिन टिकट बाँड्दा गगन थापाले देउवा पक्षका धेरै व्यक्तिलाई पनि उम्मेदवार बनाए । तर परिणाम के आयो ? ती सबैजसो उम्मेदवार पराजित भए । अझ चुनावको निर्णायक समयमा देउवा विदेश गए । उनका निकट मानिने व्यक्तिहरू पनि चुनावी अभियानमा सक्रिय देखिएनन् । आफ्नै पक्षका उम्मेदवारलाई जिताउन समेत उनीहरू अग्रसर देखिएनन् । यसले एउटा गम्भीर प्रश्न उठाउँछ, के यो केवल निष्क्रियता थियो कि कांग्रेसको परिवर्तनप्रति नै अस्वीकारोक्ति वा निर्वाचनमा आफ्नै पार्टीका उम्मेदवारहरूलाई असहयोग ?

यी सबै पृष्ठभूमिमा गगन थापा स्वयं पनि चुनावमा पराजित भए । यद्यपि यो पंक्ति लेख्दाको बखत गगनको परिणाम आइसकेको छैन, तर विजयको सम्भावना देखिन्न । सतहमा हेर्दा यो पराजय व्यक्तिगत जस्तो देखिन्छ । तर गहिराइमा हेर्दा यो पराजय केवल एउटा व्यक्तिको होइन, यो कांग्रेसले वर्षौंदेखि बोकेको राजनीतिक बोझको परिणाम हो ।

वास्तविकता के हो भने लामो समयसम्म पार्टी सञ्चालन गर्ने क्रममा देउवाको नेतृत्वले कांग्रेसको राजनीतिक छवि गम्भीर रूपमा क्षतिग्रस्त बनाएको थियो । अवसरवाद, गुटबन्दी, सत्ताको गणितमा सीमित राजनीति र जनतासँग टुटेको सम्बन्ध यी सबैले कांग्रेसलाई जनविश्वासबाट टाढा पुर्‍यायो । यही कारणले आज कांग्रेसको पराजयलाई केवल गगन थापाको जिम्मामा थोपर्न खोज्नु राजनीतिक बेइमानी हुन्छ ।

यसबिच अर्को महत्वपूर्ण राजनीतिक सन्देश पनि यस निर्वाचनले दिएको छ । यस पटकको निर्वाचनमा रास्वपा र यसका प्रमुख नेताहरू रवि लामिछाने र बालेन शाहले ऐतिहासिक सफलता हासिल गरेका छन् । धेरै त्यस्ता मानिस, जो नेपाली समाजमा पलाउँदै गएको परिवर्तनमुखी जनभावनासँग अनभिज्ञ थिए, उनीहरूका लागि यो परिणाम अप्रत्यासित लाग्न सक्छ । तर आम नागरिकका लागि भने यो कुनै चकित पार्ने घटना होइन । जनताले लामो समयदेखि पुराना दलहरूको जडता, सुधारप्रति उदासीनता, भ्रष्टाचार र सत्ता स्वार्थको राजनीति देख्दै आएका थिए । त्यसैले परिवर्तनको आकांक्षा अन्ततः मतदानमार्फत व्यक्त हुनु स्वाभाविक थियो ।

यस परिप्रेक्ष्यमा केपी ओली जस्ता नेतृत्वको राजनीति पनि आलोचनाबाट मुक्त रहन सक्दैन । विद्रोही जेनजी नवयुवाहरूको नृशंस हत्या, आक्रामक राष्ट्रवादको भाषण, सत्तामा हुँदा भ्रष्टाचार र शक्ति केन्द्रीकरण, अनि प्रतिपक्षमा हुँदा अस्थिरताको राजनीति यी सबैले नेपाली जनतालाई निराश बनाएको थियो । यही कारणले अहिलेको परिणाम केवल कांग्रेसको पराजय मात्र होइन, पुरानो राजनीतिक शैलीको व्यापक अस्वीकार पनि हो । तर परिवर्तनको यो लहरले अर्को प्रश्न पनि खडा गरेको छ अब नयाँ शक्तिहरू कसरी अगाडि बढ्छन् ? रास्वपाको आगामी राजनीतिक व्यवहार, विशेषतः प्रस्तावित प्रधानमन्त्रीको रूपमा देखिएका बालेन शाहको दृष्टिकोण धेरै अर्थमा महत्वपूर्ण हुनेछ ।

लोकतन्त्रमा बलियो सरकारका लागि जिम्मेवार प्रतिपक्ष अपरिहार्य हुन्छ । रोचक कुरा के छ भने प्रायः बलियो सत्ता पक्षका लागि कमजोर प्रतिपक्षलाई औपचारिक रूपमा बढी सम्मान दिने चलन देखिन्छ । उसका कुरालाई सुन्ने, सहिष्णुता देखाउने, संवादको भाषा प्रयोग गर्ने । तर यसको अर्थ कदापि पनि पुरानो सत्ताको गलत कामको प्रतिरक्षा गर्नु होइन ।

यदि विगतका भ्रष्टाचार, अपराधजन्य कार्यहरू र सत्ता दुरुपयोगलाई 'सहिष्णुता' वा 'राजनीतिक परिपक्वता'को नाममा ढाकछोप गरियो भने त्यो जनताको परिवर्तन चाहनाको प्रत्यक्ष अपमान हुनेछ । त्यस्तो व्यवहार नयाँ सत्ताले जनतासमक्ष गरेका वाचा र प्रतिबद्धताको विपरीत हुनेछ ।

यसैले अहिलेको राजनीतिक क्षण उत्साहको मात्र होइन, परीक्षाको पनि हो । नयाँ सत्ताले विगतका गलत अभ्यासहरूसँग सम्झौता गर्छ कि वास्तवमै नयाँ राजनीतिक संस्कृतिको सुरुवात गर्छ भन्ने कुरा नेपाली जनताले धैर्यका साथ पर्खेर हेर्नुपर्नेछ । यस सबै परिप्रेक्ष्यमा गगन थापाको भूमिका अझ महत्त्वपूर्ण बनेको छ । अब उनको दायित्व केवल एउटा पराजित नेता बन्ने होइन । उनले जिम्मेवार, सशक्त र वैचारिक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ। हिनताबोधबाट मुक्त हुनु परेको छ।

त्यसैगरी नेपाली काँग्रेसको पुनरोत्थान पनि अब अपरिहार्य आवश्यकता बनेको छ। यसको अर्थ केवल संगठन विस्तार होइन–पार्टीको चरित्र, नीति, नेतृत्व संस्कृति र जनतासँगको सम्बन्ध पुनर्निर्माण गर्नु होसबैभन्दा महत्वपूर्ण कुरा–अब काँग्रेस फेरि पुरानै चक्रमा फर्कन सक्दैन । यसका लागि विकल्प फेरि देउवा वा देउवाले अघि सारेका कुनै प्रतिनिधि हुन सक्दैनन् । त्यो भनेको विगतका असफलताको पुनरावृत्ति मात्र हुनेछ। आजको वास्तविकता स्पष्ट छ, पुरानो राजनीति अस्वीकार गरिएको छ ।

अब प्रश्न एउटै छ के नयाँ नेतृत्वले यो सन्देश बुझ्छ ? यदि बुझ्यो भने अहिलेको पराजय नेपाली कांग्रेसको अन्त्य होइन, पुनर्जन्मको सुरुवात बन्न सक्छ । यदि बुझ्नेन भने इतिहासले यसलाई परिवर्तनको अवसर गुमाएको क्षणका रूपमा सम्झिनेछ ।

-रातोपाटी


## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रास्वपाले प्रत्यक्षमै जित्यो एक सय सिट

**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, बर्दिवास**

प्रतिनिधिसभा सदस्य निर्वाचन निर्वाचनको प्रत्यक्षतर्फको मतगणना जारी छ । जारी मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एक सय सिट जितेको छ ।

मतगणनाको सुरुवातीचरणदेखि नै अग्रता कायम गरेको रास्वपाले १२९ क्षेत्रको नजिता सार्वजनिक हुँदा रास्वपाले १०० सिटमा जित पक्का गरेको हो ।

दोस्रो धेरै सिट जित्नेमा नेपाली कांग्रेस छ । कांग्रेसले १४ सिट जितेको छ । एमालेले ७, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ६, राप्रपाले १ र स्वतन्त्रले १ सिट जितेका छन् ।

यी हुन् निर्वाचित भएका रास्वपाका १०० उम्मेदवारहरू

१- बालेन्द्र शाह
२- इन्दिरा राना मगर
३- सोविता गौतम
४- डा. लेखजंग थापा
५- हरि ढकाल
६- सुलभ खरेल
७- रुविना आचार्य
८- सुनिल लम्साल
९- बदनकुमार भण्डारी
१०- राजन गौतम
११- राजकिशोर महतो
१२- अशोककुमार चौधरी
१३- नरेन्द्र साह कलवार
१४- निशा डाँगी
१५- नरेन्द्रकुमार गुप्ता
१६- विक्रम खनाल
१७- कमल सुवेदी
१८- नीतिमा भण्डारी
१९- मनिष झा
२०- विपिनकुमार आचार्य
२१- तोसीमा कार्की
२२- देवराज पाठक
२३- रविन महतो
२४- राजीव खत्री
२५- मनीष खनाल
२६- रहबर अन्सारी
२७- कृष्णकुमार कार्की
२८- सन्तोष राजवंशी
२९- अरबिन्द साह
३०- गणेश धिमाल
३१- खड्कराज पौडेल
३२- शिवशंकर यादव
३३- तौफिकअहमद खान
३४- प्रकाश पाठक
३५- स्वर्णिम वाग्ले
३६- बिना गुरुङ
३७- प्रदीप विष्ट
३८- गणेश कार्की
३९- गणेश पौडेल
४०- सीताराम साह
४१- तपेश्वर यादव
४२- अमरेशकुमार सिंह
४३- चन्दनकुमार सिंह
४४- डोलप्रसाद अर्याल
४५- प्रमोदकुमार महतो
४६ -सुनिल के.सी.
४७- मोहनलाल आचार्य
४८- दिपकराज बोहरा
४९- धर्मराज केसी
५०- रुकेश रञ्जित
५१- सुरेशकुमार चौधरी
५२- दीपककुमार साह
५३- श्रीराम न्यौपाने
५४- अच्युतम लामिछाने
५५- आनन्दबहादुर चन्द
५६- उत्तमप्रसाद पौडेल
५७- सस्मित पोखरेल
५८- आशा झा
५९- रमेशकुमार...
६०- रामाकान्तप्रसाद...
६१- सागर ढकाल
६२- मधुकुमार चौलागाई
६३- खगेन्द्र सुनार
६४- पुकार बम
६५- धनञ्जय रेग्मी
६६- राजेशकुमार चौधरी
६७- खेमराज कोइराला
६८- कन्हैया बनियाँ
६९- गणेश पराजुली
७०- शिशिर खनाल
७१- विक्रम थापा
७२- सुशान्त वैदिक
७३- यज्ञमणि न्यौपाने
७४- बुद्धिप्रसाद पन्त...
७५- ज्ञानेन्द्र सिंह महता
७६- माधवबहादुर थापा
७७- सागर भुसाल
७८- बोधनारायण श्रेष्ठ
७९- विराजभक्त श्रेष्ठ
८०- भरतप्रसाद पराजुली
८१- बुद्धरत्न महर्जन
८२- सुशील खड्का
८३- जगतप्रसाद जोशी
८४- ताराप्रसाद जोशी
८५राजुनाथ पाण्डे
८६- आशिष गजुरेल
८७- कोमल ज्ञवाली
८८- गोविन्द पन्थी
८९- धनेन्द्र कार्की
९०- रञ्जु न्यौपाने
९१- सूर्यबहादुर तामाङ्ग
९२- सोम शर्मा
९३- आसिका तामाङ
९४- जनक सिंह धामी
९५- टेकबहादुर शाक्य
९६- रवि लामिछाने
९७- शम्भुप्रसाद ढकाल
९८- सुशीलकुमार कानु
९९- हरिप्रसाद भुसाल
१००- ई.जगदीश खरेल

## धनुषा-३ बाट निर्वाचित मनिष झा............

समाधान गर्नु आफ्नो मुख्य एजेन्डामध्ये एक रहेको स्पष्ट पार्दै उहाँले स्थानीय तह र नागरिकसँग सहकार्य गरी शहरलाई सफा, व्यवस्थित र आकर्षक पर्यटकीय नगरीका रूपमा विकास गर्ने योजना अघि सार्नुभयो।

विजयपछि उत्साहित आफ्ना कार्यकर्ताहरूलाई संयमित रहन आग्रह गर्दै उहाँले निर्वाचनलाई दुष्मनी नभई स्वस्थ लोकतान्त्रिक प्रतिस्पर्धाका रूपमा लिनुपर्ने बताउनुभयो। उहाँले कसैप्रति पनि अहंकार वा दम्भ प्रदर्शन नगर्न सचेत गराउँदै अब सबै मिलेर क्षेत्रको विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो।

धनुषा-३ बाट फराकिलो मतान्तरसहित विजयी हुनुभएका ४५ वर्षीय झाले ४३ हजार १४२ मत प्राप्त गर्नुभयो भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका बिमलेन्द्र निधिले १५ हजार ९९२ मत प्राप्त गर्नुभएको छ।

यसअघि २०७९ सालको निर्वाचनमा उहाँ राष्ट्रिय स्वतन्त्र पार्टीकै समानुपातिक सांसदका रूपमा प्रतिनिधिसभामा हुनुहुन्थ्यो। प्रतिनिधिसभाको तीन वर्षे अवधिमा उहाँले करिब ९५ प्रतिशत उपस्थिति जनाउनुका साथै सार्वजनिक लेखा समितिको सदस्यको रूपमा पनि काम गर्नुभएको थियो। रास्वपामा आबद्ध हुनुअघि उहाँ नेपाली कांग्रेसमा सक्रिय राजनीतिमा संलग्न हुनुहुन्थ्यो।

फ्याक्टस नेपालका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृतसमेत रहनुभएका झाले राजनीति शास्त्रमा स्नातकोत्तर र मैथिली साहित्यमा पनि स्नातकोत्तर अध्ययन गर्नुभएको छ।

आगामी दिनमा जनकपुरको समग्र विकासका लागि आफू सक्रिय रहने बताउँदै उहाँले निर्वाचनका क्रममा गरेका प्रतिबद्धताहरूलाई प्राथमिकतामा राखेर काम अघि बढाउने बताउनुभयो। "सरकारी कार्यालयका सेवाहरूलाई चुस्तदुरुस्त बनाइनेछ। जनकपुरलाई विवाह (वैवाहिक) गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाइनेछ," उहाँले भन्नुभयो।

त्यसैगरी रामजानकी रंगशालाको स्तरोन्नति, जनकपुर विमानस्थलको सुधार तथा जनकपुर रेल्वे सेवाको स्तर उन्नतिलाई पनि प्राथमिकतामा राखेर काम गरिने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यी योजनाले जनकपुरको पर्यटन, आर्थिक गतिविधि र अन्तर्राष्ट्रिय पहिचानलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

## हामी जनताको विश्वासमा खरो उत्रिनु ....

विजय हासिल गर्नुभएको हो। उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टीका उम्मेदवार गिरिराजमणि पोखरेलले १२ हजार ६२४ मत प्राप्त गर्नुभएको छ।

महतोले आगामी दिनमा क्षेत्रको विकासका लागि कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने उल्लेख गर्नुभयो। किसानको उत्पादन वृद्धि, आधुनिक कृषि प्रणालीको विकास तथा युवाहरूका लागि रोजगारी सिर्जना गर्ने विषयमा विशेष ध्यान दिने उहाँको भनाइ छ।

त्यसैगरी महोत्तरी क्षेत्र नम्बर १ मा देखिएको क्रसर (कर्सर) उद्योगसँग सम्बन्धित समस्याप्रति पनि आफू गम्भीर रहेको उहाँले बताउनुभयो। "म पहिले क्रसर व्यवसायमा नै संलग्न थिएँ, तर अहिले छैन। यस क्षेत्रमा देखिएको क्रसर आतंकलाई अन्त्यतर्फ लैजान आवश्यक पहल गर्नेछु," उहाँले स्पष्ट पार्नुभयो।

चुरे क्षेत्रमा भइरहेको प्राकृतिक स्रोतको दोहनप्रति चिन्ता व्यक्त गर्दै उहाँले यसको संरक्षणका लागि सम्बन्धित निकायसँग समन्वय गरी प्रभावकारी कदम चाल्ने प्रतिबद्धता पनि जनाउनुभयो।

उहाँले आफूलाई जनताको प्रतिनिधि मात्र नभई जनताको छोराका रूपमा सेवा गर्ने बताउँदै भन्नुभयो, "म जनताको छोरा हुँ। जसरी एउटा छोरालाई आफ्नो परिवारप्रति माया हुन्छ, त्यसैगरी मलाई आफ्नो क्षेत्र र जनताप्रति माया छ। यदि हामी जनताको विश्वासमा खरो उत्रिन सकेनौं भने जनताले हामीलाई पनि अस्वीकार गर्नेछन्।"

धर्मको धरोहर - जनकपुरधाम
इतिहासको पहिचान - जनकपुरधाम
आस्थाको केन्द्र - जनकपुरधाम
नगरका धार्मिक, पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्दै
जनकपुरधामलाई आकर्षक धार्मिक पर्यटकीय नगरी बनाऔं ।
सम्पदा जोगाऔं, पर्यटन बढाऔं, जनकपुरधाम उज्यालो बनाऔं ।
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

भूकम्पबाट जोगिन सचेत बनौं
❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।
औरही नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।
➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरुद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
मटिहानी नगरपालकि, महोत्तरी

# मधेसमा निल हुनबाट आलमले जोगाए कांग्रेसलाई

**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, बर्दिवास**



प्रतिनिधि सभाको निर्वाचनमा रौतहट-२ बाट नेपाली कांग्रेसका मोहम्मद फिरदोश आलम निर्वाचित भएका छन्।

निर्वाचन आयोगका अनुसार, आलम २९ हजार ५२८ मत प्राप्त गरेर सांसद निर्वाचित भएका हुन्। उनका प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का किरणकुमार साहले १८ हजार ४४२ मत प्राप्त गरेका छन्।

फिरदोश पूर्वमन्त्री मोहम्मद आफताब आलमका छोरा हुन्। मधेस प्रदेशमा कांग्रेसले जितेको यो एक मात्रै सिट हो। मतगणना भइरहेको बाँकी सिटमा पनि कांग्रेस पछाडि रहेको छ।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का शेख सगिरले ९ हजार ३२५, जसपा नेपालका रामअशिष राय यादवले २ हजार ९६०, नेकपा (एमाले)का महम्मद अउतिउल्लाहले २ हजार ३८२ र आम जनता पार्टीका श्रीभगवान राउत कुर्मीले १ हजार ८२५ मत प्राप्त गरेका छन्।

# सर्लाही-४ मा अमरेश सिंह निर्वाचित


**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, बर्दिवास**

प्रतिनिधि सभाको निर्वाचनमा सर्लाही-४ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अमरेशकुमार सिंह निर्वाचित भएका छन्।

निर्वाचन आयोगका अनुसार, रास्वपाका सिंह ३५ हजार ६८८ मत प्राप्त गरी निर्वाचित भएका छन्। उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका गगनकुमार थापाले २२ हजार ८३१ मत प्राप्त गरेका छन्।

त्यस्तै, नेकपा (एमाले)का अमनिशकुमार यादवले ८ हजार ६५४, जनमत पार्टीका राकेशकुमार मिश्रले १ हजार ३६५ र नेपाली कम्युनिस्ट पार्टी



(नेकपा)का रजनीश रायले १ हजार २५९ मत प्राप्त गरेका छन्।

# कसले जित्ला आईसीसी टी२० विश्वकपको उपाधि? भिड्दै छन् भारत र न्युजिल्यान्ड

आईसीसी टी-२० विश्वकप २०२६ को उपाधिका लागि आइतबार साबिक विजेता भारत र न्यु जिल्यान्ड भिड्दै छन्।

अहमावादस्थित नरेन्द्र मोदी स्टेडियममा हुने खेल फाइनल आइतबार साँझ सवा ७ बजे सुरु हुनेछ।

घरेलु मैदानमा हुने विश्वकपको फाइनलमा भारतिय क्रिकेट टोली नयाँ इतिहास लेख्न चाहन्छ।

आइतबार हुने फाइनलमा भारतले न्यु जिल्यान्डलाई पराजित गरे विश्व क्रिकेटमा तिन कोशेढुंगा एकैसाथ पार गर्ने पहिलो टोली बन्नेछ।

भारतले घरेलु मैदानमा जित निकाले आईसीसी पुरुष टी-२० विश्वकप जित्ने पहिलो आयोजक राष्ट्र, उपाधि रक्षा गर्ने पहिलो टोली र तिन विश्वकप जित्ने पहिलो टोली संघारमा छ।

सन् २००७ देखि सुरु भएको विश्वकपको दशौँ संस्करणको आयोजना भारत र श्रीलंकाले संयुक्त रुपमा आयोजना गरेका हुन्। अर्को विश्वकप आयोजक टोली श्रीलंका सुपर ८ बाटै बाहिरिएको थियो।

दशौँ संस्करणसम्म आइपुग्दा भारत, इंग्ल्यान्ड र वेष्ट इण्डिज गरि तिन टोलीले मात्र समान २ पटक विश्वकपको उपाधि जितेका छन्। ति मध्य कुनै टोलीले पनि उपाधि रक्षा गर्न भने सकेका छैनन्।





भारतले यसअघि सन् २००७ र २०२४ को विश्वकपको उपाधि उचालेको थियो। इंग्ल्यान्डले सन् २०१० र २०२२ तथा वेष्ट इण्डिजले स् २०१२ र २०१६ को विश्वकप जितेका थिए।

पाकिस्तानले सन् २००९, श्रीलंकाले सन् २०१४, अष्ट्रेलियाले सन् २०२१ मा विश्वकपको उपाधि उचालेका थिए।

घरेलु मैदानमा विश्वकपको फाइनल खेल्दै गर्दा भारतीय टोली कीर्तिमानी प्रर्दशन गर्ने योजनामा हुनेछ।

चौथो पटक फाइनल खेल्न लागेको भारतिय टोली २०१४ मा उपविजेतामा चित्त बुझाएको थियो। सन् २०१६ र २०२२ मा भने भारत सेमिफाइनलबाटै बाहिरिएको थियो।

भारतले बिहिबार राति भएको दोस्रो सेमिफाइनलमा इंग्ल्यान्डलाई ७ रनले पराजित गर्दै न्यु जिल्यान्डसँगको भेट पक्का गरेको हो।

न्यु जिल्यान्डले भने बुधबार भएको पहिलो सेमिफाइनलमासाविक उपविजेता दक्षिण अफ्रिकालाई ९ विकेटले हराउँदै फाइनलमा स्थान बनाएको थियो।

दोस्रो पटक उपाधि नजिक पुगेको न्यु जिल्यान्ड भारतलाई सहजै उपाधि सुम्पने पक्षमा भने छैन।

अहिलेसम्म विश्वकपको उपाधि जित्न नसकेको न्यु जिल्यान्ड भारतलाई घरेलु मैदानमा नै स्तब्ध पार्दै पहिलो विश्वकप उपाधि उचाल्ने योजनामा छ।

यसअघि सन् २०२१ मा भएको विश्वकपमा न्यु जिल्यान्ड पहिलो पटक विश्वकपको फाइनलमा पुगेको थियो। तर अष्ट्रेलियासँग पराजित हुँदै उपविजेतामा चित्त बुझाउन बाध्य भएको थियो। त्यसअघि २००७, २०१६ र २०२२ मा भने सेमिफाइनलबाटै बाहिरिएको थियो।

यो पटक भने न्यु जिल्यान्डको टोली अघिल्ला खेलहरुमा भएको गल्तीलाई सुधार्दै उपाधिका लागि भारतविरुद्ध मैदान उत्रने रणनितिमा छ।-एजेन्सीको सहयोगमा








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,